(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# जाँचबुझ आयोग ऐन, २०२६

| | | लालमोहर र प्रकाशन मिति |
|---|---|---|
| संशोधन गर्ने ऐन | | २०२६।५।१९ |
| १. | जाँचबुझ आयोग (पहिलो संशोधन) ऐन, २०५० | २०५०।१२।२९ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| २. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६♣ | २०६६।१०।७ |
| ३. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ४. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०२६ सालको ऐन नं. १७

[2]................

जाँचबुझ आयोगको गठन र सो सम्बन्धी अरु व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: सार्वजनिक महत्वको कुरामा जाँचबुझ गर्न जाँचबुझ आयोगहरुको गठन र त्यस्तो आयोगको अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "जाँचबुझ आयोग ऐन, २०२६" रहेको छ ।

(२) यो ऐन नेपाल [2].......... भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

♣ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको ⏭............. आयोग सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "प्रमाण" भन्नाले सरजमिन समेतलाई सम्झनु पर्छ ।

✱३. आयोगको गठनः ◎(१) नेपाल सरकारले नेपालको संविधानको धारा १३२ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै काममा न्याय परिषद्सँग परामर्श लिई सर्वोच्च अदालतका न्यायाधीशलाई, धारा १४३ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै काममा उच्च अदालतको न्यायाधीशलाई र धारा १५० को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै काममा जिल्ला अदालतको न्यायाधीशलाई खटाई आयोग गठन गर्न सक्नेछ । त्यस्तो आयोगमा न्यायाधीश मात्र वा अन्य व्यक्ति समेत रहन सक्नेछ र एकभन्दा बढी सदस्य रहेमा नेपाल सरकारले तोकेको न्यायाधीश आयोगको अध्यक्ष हुनेछ ।

(२) सार्वजनिक महत्वको कुनै कुराको जाँचबुझ गर्नको लागि कुनै आयोगको गठन गर्न आवश्यक देखिएमा ॥नेपाल सरकार वा प्रदेश सरकारले एक वा एकभन्दा बढी सदस्यहरु रहेको जाँचबुझ आयोग गठन गर्न सक्नेछ र एकभन्दा बढी सदस्यहरु रहेकोमा ॥नेपाल सरकार वा प्रदेश सरकारले तोकेको सदस्य आयोगको अध्यक्ष हुनेछ ।

❋(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले जाँचबुझ आयोग गठन गरिसकेको विषयमा प्रदेश सरकारले जाँचबुझ आयोग गठन गर्न सक्ने छैन ।

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

❋ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

॥(३) नेपाल सरकारले आयोग गठन गरेको सूचना नेपाल राजपत्रमा र प्रदेश सरकारले आयोग गठन गरेको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नेछ ।

४. <u>आयोगको काम, कर्तव्य र अधिकारः</u> *(१) आयोगले गर्नु पर्ने काम आयोगको गठन सम्बन्धी सूचनामा तोकिए बमोजिम हुनेछ ।

⌧(२) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र आयोगले जाँचबुझको काम सम्पन्न गरी ॥<u>त्यस्तो आयोग गठन गर्ने नेपाल सरकार वा प्रदेश सरकार</u> समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

🕮(२क) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र प्रतिवेदन पेश गर्न नसकेको कारण खुलाई अवधि थप गर्नको लागि आयोगले अनुरोध गरेमा आवश्यक अवधि थप हुन सक्नेछ ।

(३) आयोगलाई देहायका कुरामा प्रचलित नेपाल कानून बमोजिम अदालतले पाए सरहको सबै अधिकार हुनेछः–

(क) कुनै व्यक्तिलाई आयोगको समक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेश गर्न आदेश दिने,

(ग) प्रमाण बुझ्ने, र

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने ।

(४) उपदफा (३) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झे बमोजिम म्याद तोक्न सक्नेछ ।

---

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

⌧ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

🕮 पहिलो संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) उपदफा (३) मा उल्लेख भएका अधिकारहरुका अतिरिक्त आयोगले आवश्यकता अनुसार देहायका अधिकारको पनि प्रयोग गर्न सक्नेछः–

(क) जाँचबुझको विषय सम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलित नेपाल कानूनका अधीनमा रही त्यस्तो व्यक्ति वा स्थानको तलासी लिने वा कुनै राजपत्राङ्कित अधिकृतद्वारा त्यस्तो व्यक्ति वा स्थानको तलासी गर्न लगाउने र फेला परेमा त्यस्तो वस्तु वा लिखत कब्जा गर्ने वा गर्न लगाउने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल लिने वा लिन लगाउने, र

(ख) खण्ड (क) र उपदफा (३) मा उल्लेख भएको अधिकारको प्रयोगसँग सम्बन्धित प्रचलित नेपाल कानून बमोजिमको अन्य अधिकारहरुको प्रयोग गर्ने ।

५. साक्षीले आयोगका समक्ष बकेको कुरा निजका विरुद्ध प्रमाण नलाग्नेः कुनै व्यक्तिले साक्षीको रुपमा आयोगका समक्ष बकेको कुनै कुरालाई लिएर निजका विरुद्ध कुनै मुद्दा वा कानूनी कारबाही चलाइने छैन । त्यस्तो कुरा कुनै अर्को मुद्दामा निजका विरूद्ध प्रमाण पनि लगाइने छैन ।

तर कुनै व्यक्तिले आयोगको समक्ष बकेको कुनै कुरा आयोगले सोधेको प्रश्नसँग सम्बन्धित नभएमा वा जाना जानी झुट्टा बकेको कुरा प्रमाणित भएमा सो कुराका आधारमा प्रचलित नेपाल कानून बमोजिम निज उपर मुद्दा वा कानूनी कारबाही चलाउन वा सो कुरा निजको विरुद्ध प्रमाणमा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

६. आयोगको अवहेलनाः यस ऐन बमोजिम गठित आयोगले आफ्नो अवहेलानामा कारबाही चलाउन सक्नेछ र आयोगको अवहेलना ठहराएमा रु. ५००।– सम्म जरिबाना गर्न सक्नेछ । तर आयोगलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय तोकिएको भए सो सजाय माफ गर्न सक्नेछ ।

*७. आयोगको विघटनः (१) दफा ४ को उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएपछि वा आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि वा दफा ४ को उपदफा (२क) बमोजिम अवधि थपिएकोमा त्यस्तो अवधि समाप्त भएपछि आयोग विघटन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगको औचित्य नरहेको भन्ने मनासिब आधार विद्यमान भएमा ॥नेपाल सरकारले गठन गरेको आयोगको हकमा नेपाल राजपत्र र प्रदेश सरकारले गठन गरेको आयोगको हकमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै बेला पनि आयोग विघटन गर्न सकिनेछ र त्यस्तो सूचनामा तोकिएको मिति देखि आयोग विघटन भएको मानिनेछ ।

८. आयोगको कार्यविधिः यो ऐन र यस ऐन अन्तर्गतका नियमहरुको अधीनमा रही आयोगले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

📖८क. आयोगको काम कारबाही गोप्य रहनेः आयोगको सम्पूर्ण काम कारबाही गोप्य रहनेछ ।

तर नेपाल [2].......... को सार्वभौमसत्ता, अखण्डता वा सामरिक महत्वका वा सार्वजनिक शान्ति सुव्यवस्थामा वा विभिन्न जात जाति वा सम्प्रदायहरु बीचको सुसम्बन्धमा प्रतिकूल असर पार्ने तथा मित्रराष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने कुरा बाहेक प्रतिवेदनका कुरा सार्वजनिक जानकारीका लागि प्रकाशित गरिनेछ ।

९ काम कारबाही बदर नहुनेः आयोगको कुनै सदस्यको स्थान रिक्त रहेको वा निज अनुपस्थिति रहेको कारणले मात्र आयोगको काम कारबाही बदर भएको मानिने छैन ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

१०. असल नियतले गरेकोमा बचाउः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको वा गर्न खोजिएको कुनै काम कारबाहीको निमित्त नेपाल सरकार, आयोग, आयोगका कुनै सदस्य वा आयोगको निर्देशनमा काम गर्ने कुनै व्यक्तिको विरुद्ध कुनै मुद्दा वा कानूनी कारबाही चलाइने छैन ।

११. आयोगको सदस्य राष्ट्रसेवक मानिनेः आयोगको प्रत्येक सदस्य र आयोगले नियुक्त गरेको वा काम गर्न अख्तियार दिएको प्रत्येक व्यक्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को तात्पर्यको लागि मात्र राष्ट्र सेवक मानिनेछ ।

१२. नियम बनाउने अधिकारः (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ र ती नियमहरु नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू हुने छन् ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी ती नियमहरुमा खास गरी देहायका कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) आयोगका सदस्यहरुको सेवाको शर्त तोक्ने,

(ख) आयोगले यस ऐन अन्तर्गत गर्नु पर्ने जाँचबुझको सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि व्यवस्थित गर्ने, र

(ग) आयोगले प्रयोग गर्न पाउने अरु अधिकार तोक्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

द्रष्टव्यः (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा रुपान्तर भएका शब्दहरुः—
"भ्रष्टाचार निवारण ऐन, २०१७" को सट्टा "भ्रष्टाचार निवारण ऐन, २०५९" ।

*(मिति २०८१।१०।२७ गते अद्यावधिक गरेको)*